# परमेश्वरको शक्ति (२)

मानमिन समाचारको २४औं वार्षिकोत्सवको अवसरमा, हामी, येशू ख्रीष्टलाई विश्वास गरी पवित्र आत्माको विस्फोटनात्मक शक्ति अनुभव गरेकाहरुको गवाही समेट्नेछौं । विशेष गरी हामी श्रवणशक्ति सम्बन्धी गम्भिर समस्याहरुबाट चङ्गाइ प्राप्त गर्नुभएका विश्वासीहरुसँग परिचय गराउनेछौं । उहाँहरुले आफ्नो श्रवणशक्ति पूर्णरुपले गुमाइसक्नुभएको थियो तर सृष्टिको शक्तिद्वारा ती फेरी सामान्य अवस्थामा फर्किए र उहाँहरु एकपटक फेरी सुन्न सक्ने हुनभयो ।

## ● श्रवणशक्तिको दुर्बलता

### “मैले मेरो दाहिने आँखाको दृष्टि गुमाईसकेको थिएँ, तर त्यसमा ज्योति आयो र अहिले म देख्न सक्ने भएको छु !”

डिकन जोङ्गोन किम र डिकनिस मिडियोक किम (श्रवणशक्ति गुमाएकाहरुको समुह)




वर्षको हुनुहुँदा डिकनिस मिडियोक किम (हाल ४३ वर्ष) लड्नुभएको थियो । त्यस दुर्घटनाका कारण उहाँको श्रवणसम्बन्धी नशाहरुमा क्षति पुग्न गयो । उहाँले आफ्नो श्रवणशक्ति पूर्ण रुपमा गुमाउनुभयो र आफ्नो स्मरण शक्ति पनि गुमाउन पुग्नुभयो । १९९३ मा, डिकन जोङ्गोन किम (हाल ४५ वर्ष) सँग विवाह गर्नुभयो । उहाँले पनि डिकनिस जस्तै श्रवणशक्ति गुमाइसक्नुभएको थियो ।

सन् २००१ मे महिनामा, उहाँले ‘डा. जेरक लीको ९औं दुईहप्ते विशेष जागृती सभा’ को प्रचारको पर्चा देख्नुभयो । सिनियर डिकनिस यूनोक ली र सून्ड्योक पार्कले पनि उहाँलाई सुसमाचार प्रचार गर्न प्रयास गरिरहनुभएको थियो । उहाँहरुले एउटा पर्चामा “गत वर्ष जापानमा नागोया आश्चर्यकर्म सभामा डा. लीको प्रार्थनाद्वारा १३ बहिरा मानिसहरुले फेरी सुन्न सक्ने भएर परमेश्वरलाई महिमा दिए” भनेर लेख्नुभयो ।

अन्त्यमा, उहाँ त्यस दुई-हप्ते विशेष जागृती सभामा आफ्नो श्रीमानसँग उपस्थित हुनुभयो र आफैले बहिराहरु फेरी सुन्न सक्ने भएको कुरा देख्नुभयो । त्यसको लगत्तै उहाँहरु पनि आफ्नो श्रवणशक्ति पुन: प्राप्त हुनसक्ने कुरामा विश्वस्त हुनुभयो । त्यस सभामा उहाँहरुले डा. लीको प्रार्थना ग्रहण गर्नुभयो, घर फर्किनुभयो र सुत्नुभयो । त्यही रात, आश्चर्यजनक घटना घट्यो । उहाँको श्रीमान् उहाँहरुको छोराछोरीले लगाएको घण्टीको आवाजले बिउँझिनुभयो !

मे १७ तारिखमा, जागृती सभाको अन्तिम दिनमा, डिकनिस मिडियोक किमले डा. लीको प्रार्थना ग्रहण गर्नुभयो । केही दिनपछि उहाँले आफ्नो कानमा ‘शशशश’ गरेको जस्तो आवाज सुन्नुभयो र आवाजको एक किसिमको तरङ्गहरु महसुस गर्नुभयो ।




यस मामलामा चिकित्सकको टिप्पणी

“डिकनिस मिडियोक किममा श्रवणशक्तिको जाँच गरिएको थियो । जाँचको परिणामले उहाँको दायाँ कानको श्रव्यतामापन ११७ मद र बायाँपट्टिको कानको श्रव्यतामापन १२० मद देखाएको थियो जसको अर्थ, उहाँले डा. लीको प्रार्थना अघिसम्म पटक्कै सुन्न सक्नुहुन्नथ्यो । तर, प्रार्थना पश्चात् उहाँको दाँया कानको श्रव्यतामापनको परिणाम ८० मद र बाँयापट्टिको कानमा ८८ मद हुनपुग्यो । यसको मतलव, उहाँ आवाजहरु अझै ठूलोगरी सुन्न सक्नुहुन्छ । परिणामस्वरुप, उहाँको भाषामाथिको नियन्त्रण पनि एकदम सुध्रिएको छ ।

डिकन मिसियोक सियाृ, पारिवारिक स्वास्थ्य उपचार विभागका चिकित्सक




▲श्रवणशक्ति दुर्बलताको पहिलो चरणको प्रमाणपत्र

उहाँ खुशी र उमङ्गले भरिएको त्यस दिनलाई कहिल्यै पनि भुल्न सक्नुहुन्न । मानमिन केन्द्रीय मण्डलीमा उपस्थित हुन थालेदेखि उहाँको स्मरण शक्ति पनि फेरी आयो । उहाँ प्रभुप्रति कृतज्ञ हृदयले भरिनुभएको छ र श्रवणशक्ति गुमाएकाहरुको समुहको विश्वासीहरुको लागि स्वयं सेवा गरिरहनुभएको छ ।

### “१६ वर्षसम्मको पीडापश्चात् अहिले म दुबै कानले सुन्न सक्ने भएँ ! खुशी र आनन्द ममा बग्दछ !”

बहिनी लागेसी वारी (चेन्नाई मानमिन मण्डली, ३२ वर्ष)



म मुस्लिम परिवारमा जन्मिएकी थिएँ । १३ वर्षको हुँदा म रुखबाट लडेर टाउकोमा चोट लागेको थियो । त्यस दुर्घटनाको प्रतिअसरको कारण, त्यसको दुई वर्षपछि मैले मेरो बायाँपट्टिको कानले सुन्न छोडें । मेरो विवाहपश्चात्, मैले मेरो दायाँपट्टिको कानले पनि सुन्न छोडें ।

२०१० को जुन महिनाको शुरुमा, निशाको अगुवाइमा मैले चेन्नाई मानमिन मण्डलीमा आफूलाई दर्ता गराएँ । म ख्रीष्टियन भइसकेकी थिएँ र मण्डली जान शुरु गरें । परमेश्वरका शक्तिशाली कार्यहरु देख्न पाउँदा र त्यहाँ प्रचार गरिने वचन सुन्दा मलाई हृदयमा शान्ति मिल्थ्यो । डा. जेरक लीको ‘क्रूसको सन्देश’ पुस्तक पढ्दा ममा झन् विश्वास बढेर आयो ।

त्यसपछि, जुलाई २ का दिन, शुक्रबार रात्री सेवामा, मैले डा. लीको बिरामीहरुको लागि गरिएको प्रार्थना ग्रहण गरें । सेवाको पहिलो भागपछि, म बाहिर निस्कदै थिएँ, तब अकस्मात मैले भाई बिजयले सुसेली हालेको सुनें ! म स्तम्भित भएँ र आश्चर्यचकित परें । म फेरी सुन्न सक्ने भएँ ! मैले भर्खरै त्यती टाढा कोरीयाबाट भएको प्रार्थना ग्रहण गरेकी थिएँ । समय र दुरीलाई पनि माथ गर्ने शक्तिद्वारा मेरो श्रवणशक्ति फेरी सामान्य भएको थियो ।

म फेरी सुन्न सक्ने भएको कारण म खुशी र आनन्दले भरिएकी छु । म अरुसँग बातचित गर्नसक्छु । म सबै धन्यवाद र महिमा परमेश्वरलाई दिन चाहन्छु, जसले सृष्टिको शक्तिद्वारा मेरो श्रवण सम्बन्धी नशाहरुलाई पुनर्उत्पन्न गराईदिनुभयो ।

### “मैले पूर्ण रुपमा सुन्नेशक्ति गुमाइसकेको मेरो दाहिने कानले फेरी सुन्न सकें !”

बहिनी चूनजा पार्क (५-१ महिला मिशन समुह, ७१ वर्ष)



सन् २००४ मा, म कानको मध्य भागको जलनबाट पीडित थिएँ । थपअझ, मेरो कानको जाली फुटेको थियो, त्यसैले म मेरो दाहिने कानबाट सुन्न सक्दिनथें । २ वर्ष अघि म मानमिन केन्द्रीय मण्डली जान थालेदेखि मैले जीवित परमेश्वरलाई भेटें र मलाई जोर्नीपीडा, उच्च रक्तचाप र पेटको दुखाईबाट चङ्गाइ दिनुहुने उहाँको शक्ति अनुभव गरेकी छु ।

त्यसपछि, डा. लीले सँधैं वचनपछि गर्नुहुने बिरामीहरुको लागि गरिने प्रार्थनामा मैले विश्वासका साथ हात आफ्नो दाहिने कानमा राखेर प्रार्थना ग्रहण गर्दथें । २०११ को मार्चको शुरुमा मैले आश्चर्यजनक कार्यहरु भएको पत्ता लगाएँ ।

सिनियर डिकनिस ओक्जिन ह्वाङ्गले मलाई मेरो दाहिने कानमा डा. लीको वचन ‘ईयरफोनद्वारा’ सुन्ने प्रयास गर्न आग्रह गर्नुभयो । मैले त्यो ईयरफोन मेरो दाहिने कानमा राख्दाखेरी नै मैले उहाँको आवाज सुन्नसकें ।

मेरो देब्रेपट्टिको कानको श्रवणशक्ति पनि पहिलेको भन्दा अझ बढी राम्रो भयो । म ‘मानमिन समाचार’ मेरा वरपरका मानिसहरुसँग प्रभुप्रतिको कृतज्ञ हृदयका साथ बाँड्ने गर्दछु, जसले मलाई चङ्गाइ र शक्तिशाली कार्यहरु अनुभव गर्न दिनुको साथ साथै मलाई मुक्तिको आशिषहरु पनि दिनुभयो ।

MANMINTV
Tel: 82-2-824-7107
Fax: 82-2-813-7107
www.manmintv.org
e-mail: info@manmintv.org

MIS
Manmin International Seminary
Tel: 82-2-818-7334
Fax: 82-2-830-3310
www.manminseminary.org
e-mail: manminseminary2004@gmail.com

WCDN
World Christian Doctors Network
Tel: 82-2-818-7039
Fax: 82-2-830-5239
www.wcdn.org
e-mail: wcdnkorea@gmail.com

URIMBOOKS
Tel: 82-70-8240-2075
Fax: 82-2-851-3854
urimbook.net
e-mail: urimbook@hotmail.com

मानमिन समाचार

अंक ५ जुलाई २४, २०११

# पवित्र आत्माको शक्तिद्वारा सुसमाचारको फलको जन्म पाकिस्तान र श्रीलंकामा पास्टरहरुको सेमिनारहरु र आश्चर्यको चङ्गाइ क्रूसेड सम्पन्न












अप्रिल २६ देखि मे ११ सम्म, मानमिन केन्द्रीय मण्डलीको मिशन समुह, पास्टरहरुको सेमिनार र आश्चर्य चङ्गाइ क्रूसेडहरु सम्पन्न गर्न पाकिस्तान र श्रीलंकाका केही क्षेत्रहरुमा यात्रा गरेका थिए । उनीहरुले पवित्र आत्माको विस्फोटनात्मक शक्तिका साथ सुसमाचार प्रचार गरे । असंख्य मानिसहरुले जीवित परमेश्वरलाई भेटी प्रभुलाई आफ्नो मुक्तिदाताको रुपमा ग्रहण गरे । ■ तस्वीर १ : पास्टर ट्यासीक गील, शक्तिको रुमालसहित प्रार्थना गर्दै ■ तस्वीर २ : ‘फूल गोस्पल एसेम्ब्ली’ मैदानमा लाहोर आश्चर्यकर्म तथा चङ्गाइ क्रूसेड सम्पन्न भएको ■ तस्वीर ३ : ‘प्यासन’ प्रशंसा समुहले परमेश्वरलाई महिमा चढाउँदै ■ तस्वीर ४ : कोलोम्बो, श्रीलंकामा रामाडा होटलमा पास्टरहरुको सेमिनार सम्पन्न भएको ■ तस्वीर ५ : वचनको समयमा लेखोटहरु टिप्दै उपस्थित पास्टरहरु

मे ११ तारिखका दिन, मानमिन केन्द्रीय मण्डलीको मिशन समूह, पाकिस्तान र श्रीलंकाको आफ्नो १६ दिनको मिशनयात्रा पूरा गरी फर्किएको थियो ।

अप्रिल २७ तारिखका दिन, पाकिस्तानको पन्जाब स्थित राजधानी लाहोरमा पहिलो रुमाल सहितको चङ्गाइ सभा सम्पन्न भएको थियो । त्यस सभामा करिव १५०० मानिसहरुले भाग लिएका थिए । प्रेरित १०:१२ बाट उद्धृत ‘येशू ख्रीष्ट’ नामक शीर्षकमा, डेजोन मानमिन मण्डलीमा सेवकाइ गरिरहनुभएका, कार्यक्रमका वक्ता पास्टर ट्यासिक गीलले, “किन येशू ख्रीष्ट मात्र हाम्रो मुक्तिदाता हुनुहुन्छ ?” भन्ने प्रश्नको उत्तरमा त्यसका कारणहरु बताउनुभएको थियो । त्यस पश्चात, उहाँले डा. जेरक लीद्वारा प्रार्थना गरिएको रुमालबाट बिरामीहरको लागि प्रार्थना गरिदिनुभयो । (प्रेरित १९:११-१२)

अगाडि मञ्चबाट गर्नुभएको प्रार्थनापछि, त्यहाँ उपस्थित धेरै सहभागीहरुले आफूले पाएको चङ्गाइको गवाही दिए । एक मुस्लिम महिलाले भनिन्, “म धेरै दशकदेखि ढाडको दुखाईका कारण घुँडा टेक्न वा राम्ररी चलमलाउन सक्दिनथें । तर अहिले म घुँडा टेक्न वा राम्ररी चलमलाउन सक्ने भएकी छु ।” एक भुत लागेको मानिस दुष्ट आत्माको शक्तिबाट छुटेको थियो । उपस्थित मानिसहरु मध्ये धेरैले स्त्री रोगहरु, उच्च रक्तचाप, जोर्नीपीडा, पेटको रोगहरु, कमजोर दृष्टि र सबै प्रकारका रोगहरुबाट मुक्त भएको गवाही दिँदै परमेश्वरलाई महिमा दिए ।

अप्रिल २८ तारिखमा, ४०० जना पास्टरहरुको उपस्थितिमा लाहोर पास्टरहरुको सेमिनार आयोजना भएको थियो । पास्टर गीलले येशू प्रभुले भन्नुभएका अन्तिम सात वचनहरुको बारेमा बताउनुहुँदा, सहभागी पास्टरहरु यसरी भावनात्मक हुनुभएको थियो कि उहाँहरुले ताली बजाएर हर्षका साथ आफ्ना स्वरहरु उचाल्नुभयो । उहाँहरु पास्टर गील प्रति धन्यवादी हुनुभयो किनकि उहाँहरुले पहिला कहिल्यै त्यस्तो प्रकारको वचन सुन्नुभएको थिएन ।

मिशन समुहले कसरी पाकिस्तानमा मानमिनको प्रशारणको सेवकाइ प्रत्यक्ष प्रसारित हुन्छ भन्ने कुरा पनि देख्न पाए । उनीहरुले मध्यपूर्व र एशियाका साथै पाकिस्तानलाई समेट्ने गरी प्रसारण हुने ‘आइज्याक (ईसाहक) टी.भी.’ का महाप्रबन्धक अनवर फजलसँग पनि समय बिताउन पाउनुभयो । उहाँले भन्नुहुँदै थियो, “डा. लीको वचनको कार्यक्रम प्रसारण हुन थालेदेखि यता, धेरै संख्यामा गवाहीहरु प्राप्त हुने गरेको छ । मध्य-पूर्वका पास्टरहरुले सो कार्यक्रम अरबी भाषामा अनुवाद भई प्रसारण हुन सकोस् भनी आग्रह गरिरहनुभएको हुँदा म त्यसको लागि प्रार्थना गरिरहेको छु ।” जीजस इभान्जेलिकल मानमिन मण्डलीमा सेवकाइ गरिरहनुभएका पास्टर टारिक जीयाले भन्नुभयो, “हामीले जी.सी.एन. को स्याटलाइट रिसिभरलाई स्थानीय केबुल प्रसारण गर्ने केन्द्रको प्रणलीसँग जडान गऱ्यौं जसको कारणले गर्दा अहिले ५०० जति घरहरुमा जी.सी.एन. च्यानल हेर्न सकिन्छ ।

उहाँले रुमाल सहितको चङ्गाइ सभाहरु र पास्टरहरुको सेमिनारहरुको अगुवाइ ‘लाहोर येशू ख्रीष्ट मण्डली’, ‘जीजस इभान्जेलिकल मानमिन मण्डली’ र ‘जीवनको पानी मण्डली’ मा पनि गर्नुभयो ।

धेरै पाकिस्तानीहरुले सन् २००० को डा. जेरक ली सँगको क्रूसेडका अद्भूत पलहरु सम्झना गर्दै आफ्ना हृदयमा परिवर्तनको फल फलाउँदै गरेको नियाल्दै मिशन समुहले परमेश्वरलाई धन्यवाद चढाए ।

थप अझै, उनीहरुले पाकिस्तान छोडे लगत्तै, उनीहरुले त्यहाँ अल-कायदाका नेता ओसामा बिन लादेन मारिएको र त्यहाँ मडारिरहेको आतंकको खबरबारे बैंककमा पुगेर थाहा पाए । उनीहरुले सबै महिमा र धन्यवाद परमेश्वरलाई दिए जसले उनीहरुलाई सुरक्षा दिई मुस्लिम गणतन्त्र, पाकिस्तानमा करिब १५००० मानिसहरुका साथमा ख्रीष्टियन सभा अगुवाई गर्न दिनुभयो ।

पास्टर गील र मिशन समुह श्रीलंकाको राड्डोलुगामा सामुदायिक भवन, वाट्टाला हेन्डाला प्रान्त, रामडा होटल, कोलम्बो र होराना टाउन हलमा आश्चर्य चङ्गाइ क्रूसेडको अगुवाइ गर्न जानुभयो । त्यहाँ सयौं मानिसहरु उपस्थित थिए । पास्टर गीलद्वारा गरिएको रुमालसहितको प्रार्थना पश्चात अन्धाहरु देख्न सक्ने भए, बहिराहरु सुन्न सक्ने भए र पक्षघातीहरु हिँड्न सक्ने भए । सबै प्रकारका दुखाई, रोगहरु र दुष्टात्माहरु समेत तिनीहरुबाट हटेर गए ।

मे ७ तारिखमा, कोलोम्बो पास्टरहरुको सेमिनारमा ४०० जना पास्टरहरु सहभागी हुनुहुन्थ्यो । यसमो अर्थ, त्यो सेमिनारमा बढी जसो स्थानीय पास्टरहरु हुनुहुन्थ्यो । उहाँहरुले वचनबाट अनुग्रह प्राप्त गरेर स्वीकार्दै यसो भन्नुभयो, “उहाँको वचन अरु कसैले नभई परमेश्वरले दिनुभएको हो, हामीलाई यस्तो वन सिकाउँदै लानुहोस् ।”

विशेष गरी, श्रीलंकाको मिशन यात्रामा, ‘प्याशन प्रशंसा समुह’ ले तामिल र सिन्हाला भाषामा प्रशंसा गर्दै परमेश्वरको अगाडि नाच्नुभयो । त्यहाँ उपस्थित सहभागीहरुका लागि पनि उहाँहरुले विशेष समय दिनुभयो ।

मिशन समुहका सबै सदस्यहरुले अन्धा देख्न सक्ने भएका, लङ्गडा हिँड्न सक्ने भएका र बहिरा सुन्न सक्ने भएका मत्ती ११:५ मा उल्लेख गरिएका बाइबलीय कार्यहरुको साक्षी बने । उनीहरुले सारा धन्यवाद र महिमा परमेश्वरलाई दिए ।



डा. जेरक ली

# "क्रूसको सन्देश" को श्रृंखला - (५)
# परमेश्वर मानवजातिको सृष्टिकर्ता

"तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए ।" (उत्पत्ति २:७)

परमेश्वरको न शुरु छ, न त अन्त्य नै छ : उहाँ शुरुदेखि नै अस्तित्वमा रहँदै आउनुभएको छ, त्यो समयको नाप जुन मानिसको बुझाइभन्दा बाहिर छ । अनि उहाँको छनोटको समयमा, परमेश्वरले सारा ब्रम्हाण्ड र मानवजातिलाई सृष्टि गर्ने योजना बनाउनुभयो । त्यो योजना पूरा गर्नको लागि, उहाँले लामो समयदेखि तयारीहरु गर्नुभयो ।

शुरुमा, आत्मिक आयामबाट परमेश्वरले भौतिक आयाम छुट्याउनुभयो, जहाँ उहाँले सम्पूर्ण ब्रम्हाण्ड र मानवजातिलाई सृष्टि गर्नुहुने थियो । त्यसपछि परमेश्वरले आफैलाई त्रिएक परमेश्वरमा विभाजन गर्नुभयो । त्यो समयको बिन्दुदेखि अहिलेसम्म परमेश्वर 'त्रिएक' हुनुहुन्छ र हामी जस्तै स्वरुपमा हुनुहुन्छ ।

परमेश्वरले भौतिक आयाममा स्वर्गीय गण, स्वर्गदूतहरु र करुबहरु बनाउनुभयो । यी सबै तयारीहरु पूरा गरिसकेपछि, उहाँले ज्योति, आकाशको फैलावट, सूर्य, चन्द्र, ताराहरु, सबै प्रकारका बोटबिरुवाहरु र जनावरहरु र ब्रम्हाण्डमा भएका यावत थोक बनाइसकेर अन्तमा मानिसलाई सृष्टि गर्नुभयो ।

उसोभए, किन परमेश्वरले मानवजातिको सृष्टि गर्नुभयो ? मानिसको साँचो उद्देश्य र मूल्य जान्न, पहिले परमेश्वरले मानवजाति बनाउनुको उद्देश्य जान्नुपर्दछ ।

## १. मानिस परमेश्वरको पवित्र स्वरुपमा सृष्टि भए

हामी उत्पत्ति २:७ मा पाउँदछौं, "तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए ।" जब कि परमेश्वरले सम्पूर्ण ब्रम्हाण्ड आफ्नो वचनले बनाउनुभयो, तर मानिसलाई उहाँ स्वयंले भूमिको माटोबाट बनाउनुभयो । उहाँले शरीर भित्रका विभिन्न अवयवहरु, आन्द्राभुँडीहरु देखि लिएर मानिसको प्रत्येक अङ्ग त्रुटिरहित प्रकारले सृष्टि गर्नुभयो, जो परमप्रभुले नाकमा जीवनको सास फुकिदिनुभएपछि जीवित प्राणी बन्न पुग्यो ।

मानवजातिका पहिलो पूर्खा आदम आखिर को जस्ता बनाइएका थिए त ? हामीले उत्पत्ति १:२७ मा पढ्यौं भने त्यहाँ पाउँदछौं, "यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरुपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरी उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो ।" आदम र हब्बा परमेश्वरको पवित्र स्वरुपमा बनाइए । मानिसको बाहिरी आवरणका साथै, आत्मा पनि परमेश्वरबाट आएको हो र यो उहाँको आत्माको समरुप हो । त्यसकारण मानिसको मुख्य विशेषता उसको आत्मा हो र शरीरले आत्मालाई केवल आफूभित्र रहन दिने कार्य गर्दछ । आदमको आत्मा जो परमेश्वरको जस्तै थियो, त्यो केवल भलाई, ज्योति र सत्यताले भरिएको थियो ।

आदमले असल र खराबको ज्ञान दिने रुखको फल खाएर परमेश्वर विरुद्ध पाप गरेपछि, उनका पछिका सबै सन्तानहरु पप र दुष्टतामा डुबे र उनीहरुले परमेश्वरको पवित्र स्वरुप गुमाउन पुगे ।

## २. परमेश्वरले मानवजातिको सृष्टि गर्नु र संबर्द्धन गर्नुको कारण

यदि हामी, "हामी यहाँ किन छौं ?" भन्ने प्रश्नको उत्तर खोजेर बुझ्न चाहन्छौं भने पहिले हामीले 'किन परमेश्वरले मानवजातिको संबर्द्धन गर्नुभयो ?' भन्ने प्रश्नको उत्तर दिन सक्ने हुनुपर्दछ । जमिनको खेती र बालीको कटनीको सन्दर्भमा बाइबलमा धेरै दृष्टान्तहरु छन् ।

मत्ती १३ अध्यायमा येशूले मानव हृदयलाई ४ वटा फरक भूमिहरुसँग तुलना गर्नुभयो । मत्ती ३ अध्यायको 'गहुँ र भुस को दृष्टान्त' र मत्ती १३ अध्यायको 'सामाको दृष्टान्त' बाट बाइबलले हामीलाई पछि हुने न्यायको बारेमा बताउँदछ । न्यायको दिनमा गहुँजस्ता मानिसहरु चाहिँ स्वर्गीय राज्यमा प्रवेश गर्नेछन् र भुस र सामाजस्ता मानिसहरु नरकको आगोमा फालिनेछन् ।

बाइबलमा पाईने यस्ता दृष्टान्तहरुद्वारा, परमेश्वर बताउनुहुन्छ कि, उहाँको मानिसलाई सृष्टि गर्ने र संसारको इतिहासमा राज्य गर्दै आउनुमा उहाँको प्रबन्ध एउटा जमिनमा खेती गरी त्यसबाट बाली कटनी गर्ने जस्तै हो । एउटा किसानले आफ्नो जमिनमा पछिको कटनीको लागि खेती गरेझैं, परमेश्वरले अहिले हाम्रो संबर्द्धन गरिरहनुभएको छ ।

उसोभए, किन परमेश्वरले आदमलाई सृष्टि गरी हाम्रो संवर्द्धन गरिरहनुभएको छ त ? यो चाहिँ परमेश्वरले आफ्नो प्रेम बाँड्नको लागि असल छोराछोरीहरु प्राप्त गर्ने इच्छा राख्नुभएको कारण हो । एकातिर अचम्म शक्ति भएको भययोग्य न्यायकर्ताको रुपमा सृष्टिकर्ता परमेश्वरसँग निर्विवाद अख्तियार र कट्टर धार्मिकता छ । अर्कोतिर, प्रेम, करुणा, दयाजस्ता मानवीय गुण पनि उहाँमा छन् । परमेश्वरले पनि मानिस जस्तै खुशी, आनन्द, दु:ख वा शोक महसुस गर्नुहुने भएकोले एक्लो हुनुको साटो उहाँले आफ्नो प्रेम बाँडचुँड गर्न चाहनुभयो ।

यदि परमेश्वरले मानवजाति सृष्टि नगर्नुभएको भए पनि, उहाँसँग उहाँको साथमा असंख्य स्वर्गीय गण र स्वर्गदूतहरु थिए । उनीहरु विनाशर्त आज्ञाकारी भएको कारण, उनीहरुले परमेश्वरलाई सँधैं आराधना, प्रशंसा र महिमा दिन्थे । तापनि परमेश्वरले यस्ता असल छोराछोरीहरु चाहनुहुन्थ्यो जसले उहाँलाई उहाँप्रतिको हृदयदेखि प्रेम र स्वइच्छाबाट आज्ञापालन गरुन् ।

मानौं तपाईंको घरमा एउटा रोबोट छ, जसले तपाईंले भनेको सबै कुरा मान्छ, अनि तपाईंका आफ्नै छोरा/छोरी पनि छ, जसले समय समयमा दु:ख दिन्छ तर बढ्दै जाने क्रममा आफ्नो अभिभावकको अनुग्रह र प्रेमको निम्ति धन्यवादी हुँदै जान्छ र तपाईंसँग प्रेम बाँड्छ । यी दुई मध्येमा तपाईंले को चाहिँ बढी अमूल्य ठान्नुहुन्छ ?

त्यस रोबोट चाहे जतिसुकै आज्ञाकारी र मानिससँग मिल्दो जुल्दो भएपनि, त्यसलाई तपाईंको आफ्नो सन्तानसँग तुलना गर्न सकिदैन, जोसँग तपाईं आफ्नो हृदय बाँड्नुहुन्छ । त्यस्तै प्रकारले, परमेश्वरले उहाँप्रति आफ्नो स्वतन्त्र इच्छाले आज्ञापालन गर्ने र आफ्नो हृदय बाँड्ने छोराछोरीहरु प्राप्त गर्न मानवजातिको सृष्टि गर्नुभयो ।

## ३. गहूँ र भुस

एउटा किसानले जतिसुकै मिहिनेतका साथ जमिनमा काम गरेपनि, कटनीको समयमा, उसले गहूँ र भुस दुवै कटनी गर्दछ । तापनि, भुस खानको लागि अयोग्य र गहूँसँग एउटै भकारीमा जम्मा गर्दा गहूँलाई पनि बिगार्ने हुँदा, त्यो केवल मलको रुपमा प्रयोग गर्न वा जलाउनको लागि योग्य हुन्छ ।

यस्तै प्रकारले, मानव संवर्द्धनको समय सिद्धिएपछि, परमेश्वरले गहूँलाई भुसबाट अलग गर्नुहुन्छ । मत्ती ३:१२ ले भन्दछ, "उहाँको निफन्ने नाङ्लो उहाँकै हातमा छ, र उहाँले आफ्ना खलालाई पूरै सफा पार्नुहुनेछ, र आफ्नो गहूँ धनसारमा जम्मा गर्नुहुनेछ, तर भुस जतिचाहिँ ननिभ्ने आगोमा जलाउनुहुनेछ ।"

यहाँ, 'ननिभ्ने आगो' ले नरकको आगोलाई जनाउँदछ । परमेश्वरले आफूले इच्छा गर्नुभएको समयमा, समयको अन्तिम दिनहरुमा, मानव संबर्द्धन सिध्याउनुहुनेछ र यस संसारमा अहिलेसम्म जन्मिएर आएका प्रत्येक व्यक्तिको न्याय गर्नुहुनेछ । न्यायको दिनमा, गहूँजस्तो नभई भुसहरु जस्ता प्रत्येक नरकको आगोको कुण्डमा फालिनेछन् ।

"गहूँ" ले यहाँ प्रभु येशू ख्रीष्टलाई ग्रहण गरी, परमेश्वर प्रति प्रेम गर्दै वचन अनुसार जिउने मानिसहरुलाई जनाउँदछ । उनीहरुले परिश्रमपूर्वक पाप र दुष्टतालाई त्यागी उहाँको पवित्र स्वरुपलाई पुन: प्राप्त गरेका छन् । यसको विपरीत, "भुस" ले ती सबैलाई जनाउँछ जो परमेश्वरमा विश्वास गर्दैनन् र येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रुपमा ग्रहण गर्दैनन् ।

तपाईंले एउटा कुरा दिमागमा राख्नुपर्छ कि मण्डली जाने सबैजना 'गहूँ' हुँदैनन् र बन्दैनन् । उनीहरुले परमेश्वरको वचनको वेवास्ता गरी आफ्नो सांसारीक इच्छा अनुसार जीवन जिएमा परमेश्वरको नजरमा उनीहरु 'भुस' हुन्छन् । यही कारणले येशूले मत्ती ७:२१ मा भन्नुभयो, "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ ।"

परमेश्वर सबै मानिस 'गहूँ' बनेर मुक्ति पाएको चाहनुहुन्छ (२ तिमोथी २:४) । यसकारण उहाँले आफ्नो एकमात्र पुत्रलाई पनि हाम्रो साटोमा क्रूसमा मर्न दिनुभयो । यो सबैको वावजुद पनि, येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनी स्वीकार नगरी पापमै जिउन निरन्तरता दिनेहरु परमेश्वरको स्वरुपमा सृष्टि भएका मानिसहरुका रुपमा आफ्नो साँचो मुल्य पुन: प्राप्त गर्न असफल हुन्छन्, तिनीहरु केवल भुस मात्रै हुन् ।

आफ्नो मुल्य गुमाइसकेका 'भुस'हरु, 'गहूँ' सँगै स्वर्गमा सहभागी हुन सक्दैनन् । घृणा, डाहा, लोभ, झगडा र पापका अन्य स्वरुपहरुले भरिएका मानिसहरुलाई स्वर्ग प्रवेश गर्न दिइएमा स्वर्ग पनि अशुद्ध हुन्छ ।

स्वर्ग प्रवेश गर्न रोक लगाईएका मानिसहरुको के हुनेछ त ? हरेक मानिसमा हुने आत्मा अविनाशी हुने हुँदा, त्यो यत्तिकै हराएर जान सक्दैन । ती सबैलाई एकैसाथ जम्मा गरेर सँधैंको लागि नरकमा कैद गरेर राखिनेछ र तिनीहरुको पापहरुको ज्याला अनुसार प्रत्येकले कहिल्यै ननिभ्ने नरकको आगोमा अनन्त दण्ड पाउनेछन् । (कृपया थप जानकारीको लागि रेभ. डा. जेरक ली को 'नरक' भन्ने पुस्तक हेर्नुहोला ।)

ख्रीष्टमा प्रिय दाजुभाई तथा दिदीबहिनीहरु,

मानव संबर्द्धनद्वारा तपाईंहरु सबै परमेश्वरका साँचो छोराछोरीको रुपमा, पितालाई पछ्याउँदै - पवित्रिकरण भएको हृदय प्राप्त गर्न सक्नुभएको होस् र उहाँसँग प्रेम बाँड्न सक्नुभएको होस् अनि उहाँसँगै अति नै सुन्दर र महिमित स्वर्गमा सदासर्वदा रहनुहोस् भनी प्रभु येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु ।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू ख्रीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)

"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डुङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन



# परमेश्वरको शक्ति (१)

मानमिन समाचारको २४ औं वार्षिकोत्सवको अवसरमा, हामी येशू ख्रीष्टलाई विश्वास गरी पवित्र आत्माको विस्फोटनात्मक शक्ति अनुभव गरेकाहरुले गवाहीहरु समेट्ने छौं । विशेष गरी, हामी आँखा सम्बन्धी गम्भिर समस्याहरुबाट विश्वासका साथ चङ्गाइ पाएका विश्वासीहरुलाई परिचय गराउनेछौं । उहाँको शक्तिले दृष्टिविहिनहरुलाई पनि देख्न सक्ने बनायो र एउटा असाधारण रोगले गर्दा बिग्रिन पुगेको आँखाको दृष्टिलाई फेरी सामान्य अवस्थामा फर्कायो ।

## ● गुमेको दृष्यशक्तिको चङ्गाइ


### "मैले मेरो दाहिने आँखाको दृष्टि गुमाईसकेको थिएँ, तर त्यसमा ज्योति आयो र अहिले म देख्न सक्ने भएको छु !"

भाई गुनवुई पार्क (विद्यार्थीहरुको सन्डे स्कूलको कक्षा १२ को समूह)



आफू तीन वर्षको उमेरमा हुँदा गरेको आँखाको मोतिबिन्दुको शल्यक्रियाको प्रतिअसरको कारण, १९ वर्षीय भाई गुनवुई पार्कमा आँखाको नानीको वरपरको भाग सुन्निने रोग (युभिया शोथ) पत्ता लाग्यो । उनमा दृष्टिपटल छुट्टिएको पनि पाइयो जसले आँखालाई मस्तिष्कसँग जोड्ने नशाको तहहरुलाई छुट्याएर दृष्टिविहिनता निम्त्याउँछ । परिणाम स्वरुप, उनी 'थाइसिस बल्बी' भनिने आँखाको नानी सुक्ने र क्रियारहित हुने रोगबाट पिडीत हुनुपऱ्यो । उनले २००६ मा आफ्नो देब्रेपट्टिको आँखाको दृष्टि पूर्ण रुपले गुमाउन पुगे र उनको दाहिने आँखा पनि कमजोर हुँदै गइरहेको थियो । तापनि, २००७ को जुलाई महिनामा डा. जेरक लीको प्रार्थना ग्रहण गरिसकेपछि, उनको देब्रे आँखामा ज्योति प्रवेश गऱ्यो र उनले त्यो आँखाले देख्न सक्ने भए । थप अझै, प्रार्थना पश्चात् आँखाको नेत्रोदक जलको चाप चार बाट अठारमा पुग्यो, जसको अर्थ उनको आँखाको नानी निको भएर सामान्य अवस्थामा आयो र उनको दाहिने आँखाको दृष्टिशक्ति पनि ०.१ बाट ०.४ मा वृद्धि भयो ।





देब्रेपट्टिको आँखाको अल्ट्रासाउण्ड

प्रार्थना अघि, उनको आँखाको नानी सुकेको अवस्थामा थियो (०७-१८-२००६)

प्रार्थना पछि उनको आँखाको नानी सामान्य अवस्थामा फर्की स्वस्थ भइसकेको (१०-२३-२००७)

● यस मामलामा डाक्टरको चिकित्सासम्बन्धी धारणा

"उनी आधुनिक चिकित्सा प्रविधीद्वारा कहिल्यै निको हुन सक्ने थिएनन् । उनले आफ्नो बायाँ आँखाको दृष्टि गुमाइसकेका थिए । तापनि, प्रार्थनाद्वारा परमेश्वरको आश्चर्यजनक कामहरु हुन पुग्यो । परमेश्वरको ज्योतिको शक्ति उनको आँखामा पऱ्यो र त्यसपछि मर्दै गएका केशिकाका भागहरु फेरी शक्ति प्राप्त गरेर पुनर्जीवित हुन थाले । यस चङ्गाइको घटनाले सन् २००८ मे महिनामा, नर्वेमा सम्पन्न भएको पाँचौ डब्लु.सी.डि.एन. ९ध्क्ष्म्ल० अन्तर्राष्ट्रिय ख्रीष्टियन चिकित्सा सम्बन्धी सम्मेलन मा महान् रुपमा ध्यानाकर्षण गरेको थियो, जुन सम्मेलनमा ४१ वटा राष्ट्रहरुबाट आउनुभएका २२० जना ख्रीष्टियन चिकित्सकहरुको उपस्थिति थियो । सहभागीहरु मध्ये एक नेत्र विशेषज्ञले भन्नुभयो, "यो साँच्ची नै परमेश्वरको आश्चर्यजनक कार्य हो ।"

- डिकन ब्रायन यीओ, ध्क्ष्म्ल (विश्व ख्रीष्टियन चिकित्सकहरुको सञ्जाल) का महासचिव -

### "म मेरो दृष्टि गुमाउन आँटेकी थिएँ, तर अहिले म सामान्य अवस्थामा देख्न सक्छु ।"

डिकनिस योङ्मी यू (मासान मानमिन मण्डली)



सन् २००५ को जनवरी महिनाको मध्यतिर, उहाँको दुबै आँखाको दृष्टि नाटकिय ढङ्गले घट्दै गयो । उहाँले आफू वरपरका सबै थोक भद्धा र परिस्कृत देख्नुहुन्थ्यो । कहिलेकाहीँ तिनीहरु पहेंला पनि देखिने गर्दथे । उहाँलाई वाकवाक लाग्ने र रिंगटा पनि लाग्ने गर्दथ्यो । अन्तमा, उहाँ अस्पताल जानुभयो ।


"यो हारदा भनिने रोग हो । तपाईंको आँखाहरुमा फुकुण्डो उत्पन्न भएको छ । यसकारण, तपाईंले सबैकुरा भद्धा देखिरहनुभएको छ । यो फुकुण्डो आकारमा बढ्दै गएमा, यसले तपाईंको पुरै आँखाको नसालाई ढाक्नेछ । यसले गर्दा तपाईंले दृष्टि पनि गुमाउनुपर्ने हुनसक्छ ।"

चिकित्सकहरुले उहाँलाई, यस रोगको कारण पत्ता नलागेको हुँदा, यो निको हुन असम्भव हुने बताए । तापनि, उहाँले मनमनै सोच्नुभयो, "यो परमेश्वरलाई महिमा दिने ठूलो मौका हो" र उहाँले परमेश्वरलाई धन्यवाद चढाउनुभयो । उहाँले आफ्नो जीवनलाई फर्केर हेर्नुभयो र उहाँले आफुलाई अरुसँग कहिलेकाहिँ शान्ति भङ्ग गर्ने र अरुलाई न्याय गर्ने र दोष लगाउने व्यक्तिको रुपमा पाउनुभयो र पश्चाताप गर्नुभयो ।

फेब्रुअरी ४ तारिखमा, उहाँ डा. ली कहाँ जानुभयो र प्रार्थना गर्नुभयो । त्यसको केही घण्टापछि आश्चर्यजनक घटना घट्यो । उहाँको आँखा पूर्णरुपमा सामान्य अवस्थामा फर्क्यो ! अब अन्य थोकहरु भद्धा र पहेंला देखिन छोडे ।


फेब्रुअरी १४ तारिखमा, उहाँले पुन: आँखाको जाँच गराउनुभयो । उहाँको दाहिने र देब्रे आँखाको दृष्टिको तीक्ष्णता क्रमानुसार ०.८ र ०.२५ रहेको थियो, तर त्यो १.०/१.० भईसकेको रहेछ । मार्च ५ तारिखमा गरिएको उहाँको दृष्टिको अर्को जाँचले उहाँको दृष्टि १.२/१.२ देखायो ।

● प्रार्थना अघि



दाँया बाँया

● प्रार्थना पछि



दाँया बाँया



▲ उहाँको आँखामा रहेको फुकुण्डो पूर्ण रुपमा हराएर गयो

### "मैले दृष्टिमन्दता र दृष्टिविकारबाट चङ्गाइ पाएँ र अहिले मेरो दृष्टि १.२/१.५ छ"

बहिनी ह्युन्जू बाएक (डेजन मानमिन मण्डली)



बहिनी ह्युन्जू बाएक विद्यालयमा प्राथमिक तहको कक्षा ४ मा हुँदै देखि उल्लेखनिय तवरले आफ्नो दृष्टिको तीक्ष्णता गुमाउन पुगिन् । उनका आमा बुबाले आत्तिएर उनलाई अस्पताल लैजानुभयो । उनमा दृष्टिमन्दता र दृष्टिविकारको लक्षण देखियो । शल्यक्रिया गरे तापनि उनको दृष्टिशक्ति केवल ०.२ मात्रै हुने कुरा डाक्टरहरुले बताए । त्यसैले उनका आमा बुबाले शल्यक्रिया गर्ने बिचार छोडेर उनलाई चस्मा लगाइदिए । स्थिति अझै कतिसम्म बिग्रनु थियो र ? उनको दाहिने आँखाको दृष्टिशक्ति ०.६ सम्म झऱ्यो । उनी वयस्क अवस्थामा आइपुग्दा, त्यो उनको लागि ठूलो समस्या बन्न पुग्यो । उनले यो वास्तविकताबाट उम्किन टि.भिमा धेरै यस्ता कार्यक्रमहरु हेने र अनलाईन सपिङ्ग गर्ने गर्थिन् तर त्यसले कुनै काम गरेन । तापनि उनले आफ्नो परिवारको प्रेमलाई बुझेर अगाडि बढ्ने निर्णय गरिन् । उनले आफू परमेश्वरको नजरमा धार्मिकताका साथ जिउन सक्दो प्रयास गर्न थालिन् । उनले परमेश्वरको वचनद्वारा उहाँको अनुग्रह प्राप्त गरिन् र समयको अन्तरालमा आफैलाई परिवर्तन गरिन् ।

अक्टोबर ८, २००९ मा डेजन मानमिन मण्डलीले पास्टर हीसन लीको अगुवाइमा "पवित्र आत्माको भरपूरी ईश्वरीय चङ्गाइ सभा" को आयोजना गरेको थियो । उनले पास्टर लीबाट रुमालको प्रार्थना ग्रहण गर्दा उनलाई अरुले चित्त दुखाएको कुरा आँशुसँगै बगेर गएको महसुस भयो । उनले आँखा खोल्दा आफ्नो अगाडि रहेको प्लेकार्डको अक्षरहरु देख्न सकिन् । उनी कृतज्ञताले भरिइन् । त्यसपछि उनी भूँइमा लड्दै रुन थालिन् ।

नोभेम्बर ७ सम्ममा, उनको आँखाको दृष्टिशक्ति १.२/१.२ पुगिसकेको थियो । उनको चिकित्सकले भने, "यो चिकित्साविज्ञानको दृष्टिबाट असम्भव छ । मलाई यो नमानी सुखै छैन कि यो एउटा आश्चर्यकर्म हो ।"

नोभेम्बर १३ तारिखमा, डा. लीको प्रार्थना ग्रहण गरेपश्चात उनले दृष्टिवेषम्य र टाउको दुखाईबाट पूर्ण रुपले चङ्गाइ पाइन् । यही वर्षको अप्रिल महिनासम्मा जाँचको परिणामले उनको दृष्टिशक्ति १.२/१.५ देखाएको थियो ।